# बुढीगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ

१ नं प्रदेश नेपाल

प.सं.:-शि २०७५/७६

च.नं.:- १२१२

विषय :- कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन सम्वन्धमा ।

मिति :-२०७५।११।१५

श्री प्र.अ. / नि.प्र.अ. ज्यू

श्री मोरङ ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आधारभूत तह उत्तीर्ण परीक्षा वोर्डको मिति २०७५।११।०७ को वैठकको निर्णयानुसार शैक्षिक सत्र २०७५ को कक्षा ८ को गाउँपालिका स्तरीय वार्षिक परीक्षाको समय तालिका निम्न अनुसार पठाइएको छ साथै तपसिल वमोजिमको कार्य व्यवस्था अनुसार परीक्षा मर्यादित एवम् व्यवस्थित रुपमा सञ्चालन गर्नु गराउनु हुन समेत अनुरोध छ ।

परीक्षा कार्यक्रम

समय : विहान १०:३० वजे

| क.स. | मिति | वार | विषय |
|---|---|---|---|
| १ | २०७५।११।२८ गते | मंगलवार | अंग्रेजी |
| २ | २०७५।११।२९ गते | बुधवार | नेपाली |
| ३ | २०७५।११।३० गते | विहिवार | विज्ञान तथा वातावरण |
| ४ | २०७५।१२।०१ गते | शुक्रवार | सामाजिक अध्ययन |
| ५ | २०७५।१२।०३ गते | आईतवार | गणित |
| ६ | २०७५।१२।०४ गते | सोमवार | कम्प्युटर |
| ७ | २०७५।१२।०५ गते | मंगलवार | पेशाा,व्यवसाय तथा प्रविधि |
| ८ | २०७५।१२।०६ गते | बुधवार | नैतिक र स्वास्थ्य शारीरिक |

द्रष्टव्य

१. विद्यालयको प्र.अ. वा प्र.अ.ले जिम्मेवारी दिएको शिक्षक केन्द्राध्यक्ष हुनेछ ।

२. १०० पूर्णाङ्कको परीक्षा ३ घण्टा र अन्य विषयको सोहि अनुपातमा समय निर्धारण गरी प्रश्नपत्रमा उल्लेख गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

email : buddhigangamun@gmail.com

" नतिजामुखी प्रशासन: समृद्धि र सुशासन"

Scanned by CamScanner

# बुढीगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ
१ नं प्रदेश नेपाल

प.सं.:-शि २०७५/७६
च.नं.:- २२१२

३. प्रत्येक दिनको प्रश्नलाई ३० मिनेट अगाडि राम्ररी हेरी सो प्रश्नमा समस्या आएमा परीक्षा समिति (शिक्षा शाखा) लाई जानकारी गराउनु पर्नेछ ।

४. परीक्षार्थी दृष्टिविहिन भए वा दुवै हात नचल्ने भएमा त्यस्ता परीक्षार्थीको हकमा एक कक्षा मुनि पढदै गरेको विद्यार्थीलाई सहयोगी लेखकमा राखी परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । लेखक सहयोगी व्यवस्था गर्नुपर्ने भएमा सम्वन्धित केन्द्राध्यक्षले फोटो प्रमाणित गरी परीक्षा दिलाउने व्यवस्था गर्नु पर्नेछ र त्यस्तो परीक्षार्थीको लागी आवस्यकता अनुसार वढीमा १ घण्टा सम्म समय थप गर्न सकिनेछ ।

५. परीक्षामा अनुपस्थित हुने परीक्षार्थीको हकमा पुन परीक्षा लिने व्यवस्था गरिएको छैन ।

६. परीक्षा समितिको अग्रीम सूचना नआएसम्म परीक्षा सञ्चालन गर्ने कार्य रोकिने छैन ।

७. परीक्षा समाप्त भएको १० दिन भित्र उत्तरपुस्तिका सम्वन्धित विषय शिक्षकलाई परीक्षण गराई यस कार्यालयवाट उपलब्ध गराईएको मार्क लेजरमा प्रयोगात्मक र सैद्धान्तिक दुवै तर्फको मार्क चढाई SEE परीक्षाको मापदण्ड वमोजिम नै ग्रेड समेत उल्लेख गरी प्रमाणित हार्ड कपी र सफ्ट कपी यस कार्यालयको शिक्षा शाखामा वुझाउनु पर्नेछ ।

८. साविक वमोजिमको अन्य व्यवस्था गा.पा. परीक्षा समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

९. सम्पर्कका लागी ९८६२१७००८७,९८५२०२९०५३

.........................
विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

email : buddhigangamun@gmail.com
" नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"

Scanned by CamScanner